# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिम प्रस्तुत गरिएको गृह मन्त्रालयसँग सम्बन्धित सार्वजनिक विवरण

## १. पृष्ठभूमि

नेपालमा २००७ सालको राजनीतिक परिवर्तनपश्चात् देशको आन्तरिक कार्यको व्यवस्थापन हेर्ने गरी २००८ सालमा गृह मन्त्रालयको स्थापना भयो । वि.सं. २०१७ सालको परिवर्तनपछि गृह मन्त्रालयको नाम परिवर्तन गरी गृह पञ्चायत मन्त्रालय बनाइयो । २०१८ सालमा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरी अञ्चलाधीश र प्रमुख जिल्ला अधिकारीको व्यवस्था भयो । स्थानीय प्रशासन ऐन, २०२८ प्रारम्भ भएपछि अञ्चलाधीश र प्र.जि.अ.को काम कर्तव्य र अधिकार कानुनी रुपमा व्यवस्थित गरियो । वि.सं. २०३७ सालमा गृह मन्त्रालयबाट पञ्चायत सम्बन्धी काम छुटयाई सो सम्बन्धी काम हेर्ने छुट्टै स्थानीय विकास मन्त्रालयको गठन भएपछि गृह मन्त्रालयको मुख्य कार्यभार शान्ति सुव्यवस्था र स्थानीय प्रशासन भयो ।

मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु गृह प्रशासनको मुख्य कार्य हो । गृह प्रशासनलाई सबल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभूति दिलाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्न पहिले ७५ वटा जिल्ला प्रशासन कार्यालय र ती कार्यालयको कामकारवाही रेखदेख र नियन्त्रण गर्न १४ वटा अञ्चलाधीश कार्यालय रहेकोमा २०४६ सालको परिवर्तनपछि अञ्चलाधीश कार्यालय खारेज भए । अञ्चलाधीश कार्यालय खारेजपछि जिल्ला र केन्द्र बीच सन्तुलन कायम गर्न समन्वय र रेखदेख नियन्त्रण गरी शान्ति सुरक्षा लगायत सेवा प्रवाहलाई नजिकबाट अनुगमन गर्न क्षेत्रीय तहको प्रशासनिक निकाय आवश्यक ठानी गृह मन्त्रालय अन्तगत ५ वटा क्षेत्रमा मिति २०५८/५/६ देखि क्षेत्रीय प्रशासन कार्यालय स्थापना भएकोमा हाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत क्षेत्रीय प्रशासन कार्यालयलाई राखी गृह मन्त्रालयको समन्वयमा सुरक्षासम्वन्धी कार्य सम्पादन हुने व्यबस्थाका साथै विगत देखि ७५ जिल्ला प्रशासन कार्यालयहरुबाट गृह प्रशासनको कार्यहरु गर्दै आएकोमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४ अशोज २७ को निर्णय अनुसार थप दुई जिल्ला नवलपरासी (बर्दघाट सूस्तापूर्व) र रुकुम (पूर्वी भाग) गरी ७७ जिल्लाका जिल्ला प्रशासन कार्यालयहरुबाट सेवप्रवाहको प्रबन्ध मिलाईएको छ । गृह मन्त्रालय मातहत अध्यागमन विभाग, कारागार व्यवस्थापन विभाग, प्रहरी किताबखाना, राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र तथा सुरक्षा निकायका रुपमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभाग लगायत क्रियाशील रहेका छन् । जिल्लामा जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय, सीमा प्रशासन कार्यालय, अध्यागमन कार्यालय र कारागारहरु सञ्चालित छन् ।

## २. दूरदृष्टि

सार्वभौम, अखण्ड, शान्त, समुन्नत र सुरक्षित नेपाल

## ३. परिलक्ष्य

शान्ति र सुरक्षा, विधिको शासन: सुशासन मूल अभियान, सबैको गृह प्रशासन

## ४. उद्देश्य

४.१ एकीकृत र समन्वयात्मक परिचालनद्वारा सुरक्षा, विधिको शासन तथा सुशासनको प्रत्याभूति,

४.२ नागरिक सुरक्षाका लागि प्रविधि र पद्धतिकेन्द्रित प्रणालीको स्थापना र विकास तथा पेशागत विशिष्ठताको प्राप्ति,

४.३ समाजको सुरक्षा र स्थायित्व तथा नागरिकलाई सबै प्रकारका त्रासबाट मुक्ति,

४.४ सुरक्षाको प्रत्याभूतिद्वारा सबै नेपालीबाट सामाजिक, सांस्कृतिक र धार्मिक सद्भावको अभिवृद्धि गर्दै अखण्डता, राष्ट्रिय एकता र सार्वभौमिकताको संरक्षण र सम्वर्द्धनमा योगदान,

४.५ विपद्को एकीकृत र समन्वयात्मक व्यवस्थापन,

४.६ कागजको न्यून प्रयोग गर्दै क्रमश कागज विहीन गृह प्रशासन, सुरक्षा व्यवस्थापन र अध्यागमनको विकास तथा प्रभावकारी नियमन,

४.७ विकासको जग सुरक्षा' अवधारणाको स्थापना र विकास,

४.८ सुरक्षा व्यवस्थापनमा जनसहभागिता,

४.९ सक्षम प्रशासन र सुदृढ व्यवस्थापन,

४.१० मानव अधिकारको संरक्षण र सम्वर्द्धन।

## ५. कार्यक्षेत्र/प्रमुख कार्यहरु

नेपालको संविधानले निर्देशित गरे बमोजिम राज्य संचालनको मार्ग निर्देशसकका रूपमा रहेका राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व र संविधानका समग्र व्यवस्थाहरूको अधिनमा रही जनताको जीउ, धन र व्यक्तिगत स्वतन्त्रताको संरक्षण लगायत राज्यले लिएका अन्य आर्थिक सामाजिक उद्देश्य पूरा गर्न

मुलुकमा शान्ति सुरक्षा कायम गरी सर्वसाधारण जनताले आफ्नो हक अधिकारको निर्बाध उपभोग गर्न सक्ने वातावरण तयार गर्नु गृह प्रशासनको मुख्य जिम्मेवारी हो ।

**गृह प्रशासनका मूलभूत कार्यहरु निम्न बमोजिम रहेका छन्:-**

- राष्ट्रको आन्तरिक सुरक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन तथा अनुगमन गर्ने ।
- प्रहरी प्रशासनको सञ्चालन, रेखदेख र नियन्त्रण गर्ने ।
- अपराध नियन्त्रण, रोकथाम र अनुसन्धानको काम गर्ने ।
- आन्तरिक सुरक्षा सुदृढ गरी संभावित विद्रोह वा आन्तरिक सुरक्षामा हुन सक्ने सबै प्रकारका गतिविधि नियन्त्रण गर्ने ।
- हातहतियार, खरखजानाको नियमन तथा नियन्त्रण, विस्फोटक पदार्थको नियन्त्रण गर्ने ।
- अध्यागमन व्यवस्थापन तथा नियन्त्रण गर्ने ।
- नागरिकहरुलाई सरल, सुलभ तथा व्यवस्थित रुपमा नागरिकता वितरण गर्ने ।
- शरणार्थीहरुको व्यवस्थापनको काम गर्ने ।
- दैवी प्रकोप नियन्त्रण एवं दैवी प्रकोपबाट पीडित व्यक्ति तथा परिवारलाई राहत वितरणको कार्य गर्ने ।
- गैर सरकारी सँस्थाहरुको दर्ता तथा प्रशासन सम्बन्धी काम गर्ने ।
- ट्राफिक व्यवस्थापन गर्ने ।
- विभिन्न किसिमका भेदभाव वा कुरीतिहरुको माध्यमबाट हुन सक्ने मानव अधिकार हननका कृयाकलापहरुलाई नियन्त्रण गरी नागरिकहरुले निर्बाध मानवअधिकारको उपभोग गर्न सक्ने वातावरण सृजना गर्ने ।
- लागू औषधको नियन्त्रण गर्ने ।
- मुलुकको बाह्य तथा आन्तरिक सुरक्षा, शान्ति र व्यवस्थामा असर पार्ने संभावित कृयाकलाप सम्बन्धमा सूचना संकलन गर्ने ।
- मुलुकको सीमा संरक्षण तथा संगठित वा विध्वंशात्मक अपराध नियन्त्रण गर्ने ।

**नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९ अनुसार गृह मन्त्रालयको कार्यक्षेत्र देहाय अनुरुप रहेको छः-**

- आन्तरिक सुरक्षासम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- शान्ति, सुव्यवस्था तथा कानुन र व्यवस्था,
- हातहतियार र खरखजानाको इजाजत र नियन्त्रण,
- विस्फोटक पदार्थ नियन्त्रण,
- विदेशी नागरिकको नियमन तथा नियन्त्रण,
- सवारी नियन्त्रण तथा उपत्यकामा रहेका सरकारी सवारी साधनको व्यवस्थापन,

- गैरसरकारी संघ, संस्था प्रशासन,
- क्षेत्रीय तथा स्थानीय प्रशासन,
- नागरिकता,
- जनमत सङ्ग्रह,
- आप्रवासन तथा प्रवासन,
- तीर्थस्थान र तीर्थयात्री,
- कल्याण धन र बेवारिसी धन,
- चिट्ठा, जुवा आदिको नियन्त्रण,
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण,
- विपद् व्यवस्थापन, ग सार्वजनिक बिदाको घोषणा, उर्दी र सार्वजनिक उत्सव आदि,
- सार्वजनिक चन्दा सङ्कलनको नियमन र नियन्त्रण
- अध्यागमन,
- सजायको माफी, मिनाहा तथा परिवर्तन
- विभूषणसम्वन्धी कार्य,
- शरणार्थी मामिला,
- अञ्चल र जिल्लाको सदरमुकाम तथा सीमाना,
- राष्ट्रिय परिचयपत्र,
- अन्तराष्ट्रिय सीमा, सीमास्तम्भको सुरक्षा र सीमा प्रशासन,
- गृह प्रशासन (कारागार, शान्ति सुव्यवस्था, लागू औषध, प्रकोप व्यवस्थापन, सुपुर्दगीलगायत) विषयक राष्ट्रिय र अन्तर्राष्ट्रिय समन्वय र सम्पर्क,
- सङ्गठित अपराध नियन्त्रण,
- बारुदी सुरुङ्गकोनिवारण,
- धार्मिक विषय,
- सुपुर्दगी,
- कारागार व्यवस्थापन,
- प्रहरी कल्याण,
- निर्वाचन आयोग,
- नेपाल प्रहरी,
- सशस्त्र प्रहरी बल,

- राष्ट्रिय अनुसन्धान विभाग,
- प्रहरी किताबखाना,
- अन्य मन्त्रालयको कार्य विभाजनमा नपरेका विषय ।

## ६. संस्थागत आधारभूत मूल्य

- सुशासन,
- छिटो र प्रभावकारी सेवा प्रवाह,
- मुस्कान सहितको विनम्रतापूर्वक सेवा,
- सेवाप्रवाहमा तटस्थता तथा पारदर्शिता,
- मूल्यमा आधारित नैतिकता,
- विधिको शासन ।

## ७. गृह मन्त्रालयबाट प्रवाह गरिने सेवा

माथि बुँदा नं. ५ मा उल्लिखित कार्यक्षेत्र अन्तर्गतका नीतिगत कार्यहरू र मन्त्रालयको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्यहरू

## ८. सांगठनिक संरचना र दरवन्दी

मन्त्रालयमा माननीय उपप्रधानमन्त्री/मन्त्रीको नेतृत्वमा प्रशासकीय प्रमुखका रुपमा सचिव, छ महाशाखा र सो अन्तर्गत २० वटा शाखा/एकाइहरु रहेका छन् । प्रत्येक महाशाखामा सहसचिव र शाखा/एकाइहरुमा उपसचिव रहने व्यवस्था छ । गृह मन्त्रालयको कुल दरबन्दी संख्या ३०० रहेको छ । गृह मन्त्रालय र अन्तर्गत निजामती तर्फको कूल दरवन्दी संख्या ४६२१ रहेको छ ।

९. मन्त्रालयको कर्मचारी सम्बन्धी विवरण

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | दरवन्दी |
|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | | | १ |
| २ | सह सचिव | रा.प.प्रथम | प्रशासन | | ५ |
| ३ | सह सचिव | रा.प.प्रथम | न्याय | कानुन | १ |
| ४ | उप सचिव | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | १८ |
| ५ | लेखा नियन्त्रक | रा.प.द्वितीय | प्रशासन | लेखा | १ |
| ६ | उप सचिव | रा.प.द्वितीय | न्याय | कानुन | १ |
| ७ | शाखा अधिकृत | रा.प.तृतिय | प्रशासन | सा.प्र. | ४० |
| ८ | लेखा अधिकृत | रा.प.तृतिय | प्रशासन | लेखा | ३ |
| ९ | कानुन अधिकृत | रा.प.तृतिय | न्याय | कानुन | २ |
| १० | कम्प्यूटर अधिकृत | रा.प.तृतिय | विविध | | १ |
| ११ | कम्प्यूटर इन्जिनियर | रा.प.तृतिय | विविध | | २ |
| १२ | कार्टो ग्राफर अधिकृत | रा.प.तृतिय | विविध | | १ |
| १३ | ना.सु. | रा.प.अ.नं.प्र. | प्रशासन | सा.प्र. | ३३ |
| १४ | लेखापाल | रा.प.अ.नं.प्र. | प्रशासन | लेखा | ८ |
| १५ | टाइपिष्ट | रा.प.अ.नं.प्र. | प्रशासन | सा.प्र. | ३ |
| १६ | कम्प्युटर अपरेटर | रा.प.अ.नं.प्र. | विविध | | १९ |
| १७ | कम्प्यूटर टेक्निसियन | रा.प.अ.नं.प्र. | विविध | | २ |
| १८ | शिनियर मेकानिक्स | रा.प.अ.नं.प्र. | इन्जिनियरिङ्ग | | १ |
| १९ | सिनियर इलेक्ट्रिसियन | रा.प.अ.नं.प्र. | इन्जिनियरिङ्ग | | १ |
| २० | पुस्तकालय सहायक | रा.प.अ.नं.प्र. | शिक्षा | पुस्तकालय | १ |
| २१ | मेकानिकल ओभरसियर | रा.प.अ.नं.प्र. | इन्जिनियरिङ्ग | मे./ज.मे. | १ |
| २२ | स.क.अ. | रा.प.अ.नं.द्वि. | विविध | | ९ |
| २३ | टाइपिष्ट | वेग अनुसार | प्रशासन | सा.प्र. | १२ |
| २४ | नगरर्ची नाइके | रा.प.अनं.च. | प्रशासन | सा.प्र. | १ |
| २५ | ह.स.चा. | श्रेणी विहिन | इन्जिनियरिङ्ग | मे./ज.मे. | ४८ |
| २६ | का.स. | श्रेणी विहिन | प्रशासन | सा.प्र. | ८४ |
| | कूल जम्मा | | | | ३०० |

## १०. मुख्य कानून र नीतिहरु

### १०.१. मुख्य ऐन, नियमहरु

- स्थानीय प्रशासन ऐन, २०२८
- नेपाल नागरिकता ऐन, २०६३
- दैवी प्रकोप उद्धार ऐन, २०३९
- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- हातहतियार तथा खरखजाना ऐन, २०१८
- विभूषण ऐन, २०६४
- नेपाल नागरिकता नियमावली, २०६३
- विभूषण नियमावली, २०६४

### १०.२ नीति तथा रणनीतिहरु

- लागु औषध नियन्त्रण राष्ट्रिय नीति, २०६३
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
- लागु औषध नियन्त्रण रणनीति, २०६६
- विशेष सुरक्षा कार्यक्रम, २०६६
- सानो हतियार नियन्त्रण कार्ययोजना, २०६८
- गृह प्रशासन सुदृढीकरण योजना, २०६८

### १०.३ निर्देशिका, मार्गदर्शन, मापदण्ड, कार्यविधि र आचारसंहिताहरु

- नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६८
- लागु औषध प्रयोगकर्ताहरुका लागि उपचार तथा पुनःस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तजुमा मार्गदर्शन, २०६७
- विपद् पश्चात्को शव व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०६८
- प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०६४
- गृह मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०६९
- प्रहरी आचारसंहिता, २०६५
- राष्ट्रिय अनुसन्धान विभागका अधिकृत तथा कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता, २०६६
- विभूषण सिफारिस तथा प्रदान सम्बन्धी कार्यविधि, २०६७
- विदेशीसँगको भेटघाट सम्बन्धी निर्देशिका, २०६८

- CCTV जडान तथा सञ्चालन सम्बन्धी निर्देशिका, २०७२
- UAV उडान सम्बन्धी कार्यविधि, २०७२
- विपद लेखाजोखा मार्गदर्शन, २०७२
- क्षेत्रीय गोदामघर कार्यविधि, २०७२ ।

## ११. निर्णय गर्ने प्रक्रिया र अधिकारी

क. मन्त्रालयले उपलब्ध गराउने सेवा सम्बन्धमा:

- सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम ।

ख. सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमा:

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम

### ११.१. निर्णय गर्ने अधिकारी सम्बन्धमा:

क. मन्त्रालयले सम्पादन गर्ने नीतिगत एवं अन्य कार्यहरू सम्बन्धमा:

- मन्त्रिपरिषदमा प्रस्ताव पठाएर
- माननीय गृह मन्त्रीस्तरबाट
- गृह सचिवस्तरबाट
  - ➢ माननीय गृह मन्त्रीबाट प्रत्यायोजित अधिकार बमोजिम
  - ➢ सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम प्राप्त अधिकार बमोजिम र
  - ➢ अन्य विशेष ऐन, नियमले सचिवले गर्ने भनी तोकिएकोमा सोहि बमोजिम ।

ख. सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमा

- शान्ति सुरक्षा महाशाखा प्रमुख वा गृह सचिव

### ११.२. निर्णय उपर उजुरी सुन्ने अधिकारी

क० गृह मन्त्रालयले उपलब्ध गराउने सेवा सम्बन्धमा:-

- प्रचलित ऐन कानुनमा तोकिएको व्यवस्था बमोजिम

ख० सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम परेको उजुरी सम्बन्धमा:-

- गृह सचिव
- पुनरावेदनको लागि राष्ट्रिय सूचना आयोग

## १२. गृह मन्त्रालयबाट आ.व. २०७४/०७५ को श्रावण १ गतेदेखि पौष मसान्त सम्म सम्पादन भएका मुख्य मुख्य कामको विवरण

### १२.१ शान्ति सुरक्षा र सूचना समन्वय सम्बन्धी

**१. शान्ति सुरक्षा सम्बन्धी ।**

क) नियमित शान्ति सुरक्षा व्यवस्था ।

ख) दैनिक सुरक्षा जाहेरी प्रतिवेदन ।

ग) सुरक्षा सूचना विश्लेषण प्रतिवेदन ।

घ) सुरक्षा निकायहरुसँग नियमित समन्वय, अनुगमन र निर्देशन ।

**२. हातहतियार सम्बन्धी ।**

क) निर्वाचन सुरक्षाका लागि बैध हातहतियार संकलनको लागि जि.प्र.का.लाई निर्देशन तथा राजपत्रमा सूचना प्रकाशन गरिएको ।

ख) संकलित हातहतियार निर्वाचन पश्चात पुनः फिर्ता गरिएको ।

**३. निर्वाचन सम्बन्धी ।**

क) प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन सुरक्षा योजना तर्जुमा र कार्यान्वयन ।

ख) उम्मेदवार तथा विशिष्ट व्यक्तिको जोखिम विश्लेषण तथा सुरक्षा ।

ग) प्रतिनिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन सुरक्षाको विषयमा क्षेत्रीय सुरक्षा गोष्ठी आयोजना गरिएको ।

घ) मतदान स्थलको अनुगमन ।

**४. VVIP/VIP सुरक्षा सम्बन्धी ।**

क) सम्माननीयज्यूहरु (राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र प्रधानन्यायाधीश) को भ्रमणमा सुरक्षा व्यवस्था मिलाइएको ।

ख) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सदस्यहरुको भ्रमणमा सुरक्षा व्यवस्था मिलाइएको ।

ग) नेपाल सरकारका विशिष्ट व्यक्तिको सुरक्षा सम्बन्धी कार्यहरु ।

घ) निर्वाचनमा भाग लिने उम्मेदवारको सुरक्षा व्यवस्था ।

**५. उद्धार तथा राहत सम्बन्धी ।**

क) निर्वाचनका लागि हेलिकप्टर परिचालन।

ख) कालीकोट घटनामा म्यादी प्रहरीको मृत्यु भएकोमा राहत रकम उपलब्ध गराईएको ।

ग) निषेधित क्षेत्रमा उद्दार उडान गर्न निजी हेलिकप्टर कम्पनीलाई अनुमति प्रदान गरिएको ।

घ) वीरगंज लगायत देशका विभिन्न भागबाट घाइते तथा विरामीहरुको उपचारार्थ नेपाली सेनाको हेलिकप्टरबाट उद्दार गरिएको ।

६. **शहिद घोषणा सम्बन्धी ।**

क) २३ जनालाई शहिद घोषणा गर्न मन्त्रिपरिषदमा प्रस्दातव पेश गरिएको ।

ख) १९० जना शहिद घोषणाको प्रस्ताव पेश गरेको ।

७. **सुरक्षा सम्बद्ध नीति तथा योजना सम्बन्धी ।**

क) विशिष्ट व्यक्तिहरुको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७० संशोधनको प्रकृया अघि बढाइएको ।

ख) हातहतियार सम्बन्धी नियमावली संशोधन प्रकृया अघि बढाइएको ।

८. **छानविन आयांग सम्बन्धी ।**

क) तराई मधेश र थरुहट लगायतका क्षेत्रमा विभिन्न राजनैतिक दलहरुले गरेको आन्दोलनको क्रममा भएका हिंसा, हत्या, आगजनी, तोडफोड लगायतका घटनाहरुको सत्यतथ्य छानवीन सम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोग, २०७३ को म्याद थप गरिएको ।

ख) काभ्रे घटना सम्बन्धी छानविन आयोग गठन तथा म्याद थपको प्रकृया अघि बढाइएको ।

ग) ससरी घटना सम्बन्धी छानविन आयोग गठन तथा म्याद थपको प्रकृया अघि बढाइएको ।

घ) मिति २०७४/०९/०७ गते कालिकोट जिल्लामा आन्दोलनका क्रममा प्रहरीको गोली लागि मृत्यु भएका म्यादी प्रहरी विवेक ऐडीको मृत्युको सम्बन्धमा सत्यतथ्य छानविन गरी ७ दिन भित्र सुझाव सहितको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्न ४ सदस्यीय छानविन समिति गठन गरिएको ।

घ) सशस्त्र प्रहरी वल मुख्यालय आगलागी घटनाको छानविन ।

९. **सूचना समन्वय सम्बन्धी**

क) नेपालको लागि विभिन्न मुलुकले खटाउने महामहिम राजदूत, अन्य मुलुकमा नेपालको तर्फबाट खटिने महामहिम राजदूत, अवैतनिक बाणिज्यदूत लगायतको सम्बन्धमा आवश्यक राय परराष्ट्र मन्त्रालयमा पठाइएको ।

- आवासीय राजदूत - ६
- गैर आवासीय राजदूत - १२
- अवैतनिक बाणिज्यदूत - ८

ख) ड्रोन उडानको सहमति - २२

ग) सूचना माग सम्बन्धी निवेदन कार्य फर्छ्यौट - ४

घ) राष्ट्रिय अनुसन्धान विभाग (रा.अ.वि.) सम्बन्धी

- रा.अ.वि.का अधिकृत कर्मचारीको प्रशासनसँग सम्बन्धित कार्यहरु जस्तै तालिमको लागि मनोनयन, राजिनामा स्वीकृत, विभिन्न पदमा नियुक्ति, सरुवा, बढुवा, पदस्थापन, अवकास, सिफारिस सम्बन्धी कार्य सम्पन्न गरिएको ।
- अतिरिक्त प्रमुख अनुसन्धान अधिकृत १ सहित नवलपरासी (सुस्ता पूर्व) र रुकुम (पूर्व) जिल्लाका लागि दरबन्दी स्वीकृत भएको ।

## १२.२. अध्यागमन, सिमा प्रशासन र स्थानीय प्रशासन सम्बन्धी कार्यहरु

### क) अध्यागमन र सीमा प्रशासन

१. गैरकानूनी आप्रवासीहरुको नेपालमा बढ्दो उपस्थितिलाई मध्यनजर गरी मिति २०७४/०६/२२ गते देहाय बमोजिम निर्णय भई अविलम्ब कार्यान्वयनका लागि अध्यागमन विभाग र सबै सुरक्षा निकायमा लेखी पठाइएको ।

क) गैरकानूनी आप्रवासीहरुको नेपाल प्रवेशमा पूर्णतया रोक लगाउन सम्भावित सीमा नाकाहरुमा कडाइकासाथ सुरक्षा व्यवस्थापन गर्न अध्यागमन विभाग र सम्बन्धित सबै सुरक्षा निकायहरुलाई निर्देशन दिने ।

ख) नेपाल रहेका हुनसक्ने अवैध आप्रवासीहरुको गोप्य सूचनाद्वारा आधिकारिक विवरण प्राप्तगरी उनीहरुको गतिविधिहरुको सुक्ष्म निगरानी गर्न सुरक्षा निकायहरुलाई निर्देशन दिने ।

### ख) विदेश मनोनयन सिफारिस

१. माननीय प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवलाई मिति २०७४ असोज ८ देखि १० गतेसम्म अफगानिस्तानको राजधानी काबुलमा सम्पन्न भएको Forum for Election Management Bodies of South Asia-FEMBOSA को आठौं बैठकमा सहभागी हुन जानको लागि स्वीकृति प्रदान गर्न मिति २०७४/०४/२३ मा मन्त्रिपरिषदमा प्रस्ताव पेश गरिएको ।

२. सन् १० अक्टोबर, २०१७ मा काठमाडौंस्थित सार्क सचिवालयमा आयोजना भएको Meeting of the Core Group of SAARC Immigration and Visa Experts मा अध्यागमन विभागका निर्देशक श्री शम्भुप्रसाद मरासिनीलाई मिति २०७४/०६/२२ को (सचिवस्तरीय) निर्णयानुसार मनोनयन गरिएको ।

### ग) स्थानीय प्रशासन

१. United Nations Office for Project Services (UNOPS) लाई डिसेम्बर २१, २०२१ सम्म उक्त कार्यालय अस्थायी रुपमा सञ्चालन गर्न सहमति रहेको व्यहोरा

मिति २०७४/०६/१८ (सचिवस्तर को निर्णयानुसार च.नं.१०७, मिति २०७४/०६/२० को पत्रबाट परराष्ट्र मन्त्रालयमा लेखी पठाइएको ।

२. माननीय प्रमुख निर्वाचन आयुक्त तथा माननीय आयुक्तहरुको लागि जनशक्ति उपलब्ध गराउने सम्वन्धमा मिति २०७४/०६/०१ मा मन्त्रिपरिषदमा प्रस्ताव पेश गरिएको ।

३. Nepal National Police Academy र जनवादी गणतन्त्र चीनको People's Republic Security University बीच आपसी भेटघाट तथा सहयोग प्रवर्द्धन गर्ने हेतुले University का Deputy Commandant Mr.Huang Zuyue को नेतृत्वमा ६ सदस्यीय प्रतिनिधिमण्डललाई प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन पश्चात नेपाल भ्रमण गर्न मिति २०७४/०६/२० को (माननीय मन्त्रिस्तर) को निर्णयानुसार परराष्ट्र मन्त्रालयलाई लेखी पठाइएको ।

४. नेपाल र जनवादी गणतन्त्र चीनको Law Enforcement Cooperation सुदृढ गर्न तथा गृह मन्त्रालय र नेपाल प्रहरी वरिष्ठ अधिकृतहरुसँग भेटघाट तथा सहयोग प्रवर्द्धन गर्नका लागि Qinghai प्रान्तिय सरकारको Public Security Department का Deputy Chief Mr. LIU Min को नेतृत्वमा ६ सदस्यीय प्रतिनिधिमण्डललाई प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन पश्चात नेपाल भ्रमण गर्न मिति २०७४/०६/२० को (माननीय मन्त्रिस्तर) को निर्णयानुसार परराष्ट्र मन्त्रालयलाई लेखी पठाइएको ।

५. छिमेकी मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिव्बत अन्तर्गत न्यालम काउण्टीका सुरक्षा अधिकारीहरुको निमन्त्रणामा सीमावर्ती खासा बजारमा हुने द्विपक्षीय सीमा सुरक्षा बैठकमा भाग लिन मिति २०७४/६/२५ को (सचिवस्तरीय) निर्णयानुसार जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकलाई स्वीकृति प्रदान गरिएको ।

६. गृह प्रशासन सुधार मार्गचित्र, २०७४ को बुँदा नं. ७२ मा "कैदीबन्दी स्वास्थ्य उपचारका लागि ५०० कैदीसम्मका ६३ कारागारलाई उप-स्वास्थ्य चौकी सरह र ५०० भन्दा बढी क्षमताका ११ कारागारलाई  स्वास्थ्य चौकी सरह औषधी स्वस्थ्य मन्त्रालयबाटै उपलब्ध गराउने व्यवस्था गरिनेछ" भन्ने व्यवस्थालाई कार्यान्वयन गर्ने प्रयोजनार्थ कारागाहरुमा तहाँबाटै औषधी उपलब्ध गराई दिन मिति २०७४/०५/०६ को (नि. सचिवस्तरीय) निर्णयानुसार स्वास्थ्य मन्त्रालयमा अनुरोध गरिएको ।

७. संस्था दर्ता ऐन, २०३४ र राष्ट्रिय निर्देशन ऐन, २०१८ बमोजिम दर्ता भएका संस्थाको नममा रहेको अचल सम्पत्ति नेपाल सरकार (मन्त्रिपरिषद्) को पूर्व स्वीकृति विना बेचविखन गर्न नपाइने व्यवस्था हुन मिति २०७४/०५/१५ को

(नि. सचिवस्तरीय) निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

८. सार्वजनिक यातायात क्षेत्रको सिन्डिकेट हटाउने सम्बन्धमा प्रमुख जिल्ला अधिकारीहरुले कार्ययोजनाहरु सहित तपसिलका कामहरु गर्ने गरी आवश्यक व्यवस्था मिलाउनु हुन भनी मिति २०७४/०५/२८ को (सचिवस्तरीय) निर्णयानुसार सबै जिल्ला प्रशासन कार्यालयहरुलाई च.नं. ७०, मिति २०७४/०५/२७ को पत्रबाट लेखी पठाइएको ।

क) जिल्लाका कुनैपनि रुटमा सिन्डिकेट हुने गरी सवारी साधन चलाउने अन्य प्रतिस्पर्धीका सवारी साधनहरुमा रोक लगाउने, बाटो छेक्ने, आलोपालो गर्ने जस्ता कार्यहरु बन्द गराउने ।

ख) मिलेमतोमा आफूखुसी मूल्य निर्धारण गरेको पाइएमा यसो गर्ने उपर नियमानुसार कारवाही गर्ने ।

ग) सिन्डिकेट गर्ने गरी कानुन विपरित बन्द गर्ने, चक्काजाम गर्ने व्यवसायीलाई प्रचलित कानून बमोजम कारवाही गर्ने ।

घ) जिल्ला भित्रका सडकको अवस्था, मर्मत सम्भार, सवारी साधनको नियमितता, मूल्यदर, आरक्षित तथा सहुलियत सिटको प्रयोग आदिको नियमित अनुगमन गरी मासिक प्रतिवेदन पठाउने ।

९. प्रमुख जिल्ला अधिकारी, रसुवालाई सीमा समन्वय बैठकमा भाग लिन मिति २०७४/०५/२९ (सचिवस्तरीय) को निर्णयानुसार अनुमति दिइएको ।

१०. Treaty on the Prohibition of Nuclear Weapons मा हस्ताक्षर गर्ने सम्बन्धमा यस मन्त्रालयको सकारात्मक राय रहेको व्यहोरा मिति २०७४/०५/२६ को (माननीय राज्यमन्त्रीस्तर) निर्णयानुसार परराष्ट्र मन्त्रालयमा लेखी पठाइएको ।

११. संस्था दर्ता ऐन, २०३४ तथा संस्था दर्ता नियमावली, २०३४ अनुसार नयाँ संस्था दर्ता र नवीकरण गर्ने क्रममा वर्तमान संवैधानिक व्यवस्थाका सन्दर्भमा देहाय बमोजिमका बुँदाहरु कार्यान्वयन गर्न गराउनु हुन भनी मिति २०७४/०५/०७ को निर्णयानुसार सबै जिल्ला प्रशासन कार्यालयहरुमा लेखी पठाइएको ।

**क) संस्था दर्ता गर्ने सम्बन्धमा**

- संस्थाको केन्द्रीय कार्यालय रहने सम्बन्धित स्थानीय तहको सिफारिशपत्र लिई दर्ता गर्ने ।

**ख) संस्था नविकरण गर्ने सम्बन्धमा**

- संस्थाले आफ्नो कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको सिफारिशका आधारमा गर्ने ।

- संस्थाले जिल्लाभित्रका १ भन्दा बढी स्थानीय तहमा कार्यक्रम सञ्चालन हुने अवस्था रहेमा सबैभन्दा धेरै कार्यक्रम सञ्चालन हुने स्थानीय तहको सिफारिशका आधारमा गर्ने ।
- कुनै संस्थाको कुनै वर्ष केही पनि कार्यक्रमहरु सञ्चालन नै नभएको अवस्थामा केन्द्रीय कार्यालय रहेको स्थानीय तहको सिफारिशका आधारमा नवीकरण गर्ने ।

ग) साथै स्थानीय तहको निर्वाचन नभएका क्षेत्र, जिल्लाहरुमा पूर्ववत आधारमा गर्ने ।

११.मित्रराष्ट्र भारतको उत्तर प्रदेशस्थित महाराजगञ्ज जिल्लाको नौतुनवामा मिति २०७४/०८/०२ गतेका दिन सीमा बैठकमा भाग लिन जिल्ला प्रशासन कार्यालय, रुपन्देहीलाई स्वीकृत दिइएको ।

१२.चीनको स्वशासित क्षेत्र तिब्बतको तुङ्गी जिल्लाका अधिकारीहरुसँग सीमावर्ती अधिकारीहरुको बैठकमा भाग लिन प्रमुख जिल्ला अधिकारी सहितको टोलीलाई भाग लिन अनुमति दिइएको ।

१३.यातायात क्षेत्रसँग सम्बन्धित संघ संस्था दर्ता ऐन अनुसार दर्ता गर्ने र नवीकरण गर्ने कार्य स्थगित गर्न समिति गृह मन्त्रालयलाई निर्देशित गर्दछ भनी व्यवस्थापिका संसद, विकास समितिले दिएको निर्देशन पालनाको लागि सबै जिल्लाहरुमा परिपत्र गरिएको ।

### १२.३. विपद व्यवस्थापन र लागू औषध नियन्त्रण सम्बन्धी कार्य

#### क) विपद व्यवस्थापन र राष्ट्रिय आपतकालिन कार्य संचालन

१. केन्द्रीय दैवी प्रकोप उद्धार समितिको बैठक मिति २०७४/०४/०६, २०७४/०४/१५, २०७४/०४/२८ र २०७४/०५/२७ मा बसी विपद् व्यवस्थापन सम्बन्धी विभिन्न निर्णय भएको ।

२. विभिन्न मितिमा Cluster Lead/Co Lead को बैठक बसेको, विषयगत क्षेत्रहरुको बैठक आवश्यकता अनुसार बस्ने गरेको, केन्द्रमा रहेका जिल्लामा प्रतिनिधित्व गर्ने DLSA हरुको बैठक बसेको ।

३. विपदका घटना सम्बन्धी सूचना संकलन गरी आवश्यकतानुसार कार्यान्वयन गरिएको ।

४. विपदका घटनामा परी घाइते भएकाहरुको तत्काल उद्धार गरी नेपाली सेनाको हेलिकप्टरबाट काठमाडौं ल्याई उपचार गरिएको ।

५. बाढी पहिरोबाट भएको क्षतिको विवरण अभिलेखिकरण गरिएको, राहत र उद्धारका कार्य संचालन गर्न समन्वयात्मक भूमिका निर्वाह गरिएको ।

६. मानवीय सहायता स्थल तथा क्षेत्रीय गोदाम घरहरुमा भण्डारण गरिएको राहत सामग्री मध्ये बाढी पहिरो प्रभावित जिल्लाहरुमा राहत सामग्री उपलब्ध

गराइएको । जिल्ला प्रशासन कार्यालयहरुलाई राहत वितरणमा प्रभावकारिता ल्याउन निर्देशन दिइएको ।

७. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ पारित भएको ।

८. विपद सम्बन्धी सूचना अद्यावधिक गर्न drrportal मा update तथा upgrade गरिएको ।

९. विपद व्यवस्थापन अन्तर्गत Emergency Perparedness & Response सम्बन्धी विश्व खाद्य कार्यक्रमद्धारा आगामी दिनमा संचालन गरिने तालिमको पाठ्यक्रम सम्बन्धमा सरोकारवाला निकायहरुबीच मिति २०७४/०४/१६ गते बैठक सम्पन्न भएको ।

१०.हाल मौजुदा ५ वटै क्षेत्रीय गोदाम घरहरुलाई प्रदेश गोदाम घरमा रुपान्तरण गर्ने र प्रदेश नं. २ को धनुषा र प्रदेश नं. ५ को दाङ्को लमहीमा नयाँ गोदाम घरको नियमानुसार स्थापना गर्ने निर्णय भएको ।

११.राष्ट्रिय विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना तर्जुमा सम्बन्धी कार्य समितिको बैठक २०७४/०६/०४ गते सम्पन्न भएको । नीति तथा रणनीतिक कार्य योजना तर्जुमा अन्तिम चरणमा रहेको ।

१२.विषय क्षेत्रगत विस्तृत लेखाजोखा (Cluster Specific Detailed Assessment) गर्ने सन्दर्भमा विपद् लेखाजोखा मार्गदर्शन, २०७२ को अनुसूची ३.३ र ३.४ (निजी आवास र खाद्य सुरक्षा कृषि) को जिल्लागत विवरण भर्न दाङ्ग, बाँके, बर्दिया र कैलालीमा तालिम सम्पन्न भएको ।

१३.गृह मन्त्रालय र विश्व खाद्य कार्यक्रमको आयोजनामा विपद् व्यवस्थापन अन्तर्गत Emergency Preparedness and Response सम्बन्धमा मिति २०७४/०६/२३ गतेदेखि २४ गतेसम्म कार्यशाला गोष्ठी गरिएको ।

१४.विपद् प्रतिकार्यका लागि अन्तर्राष्ट्रिय सहयोग परिचालन निर्देशिका सम्बन्धी विषयमा मिति २०७४/०६/२७ गते छलफल गरिएको ।

१५.नेपाल विपद् प्रतिवेदन २०१७ प्रकाशनको तयारी अन्तिम चरणमा रहेको ।

१६.२०७४/०९/१४ गते DIMS Guideline Formulation Committee को बैठक बसी Guideline तयार गर्ने सम्बन्धमा प्रारम्भिक छलफल सम्पन्न गरिएको ।

१७.विपद् लेखाजोखा मार्गदर्शन, २०७२ लाई परिमार्जन गर्ने सम्बन्धमा २०७४/०९/२१ गते बैठक बसी छलफल गरिएको ।

१८.विभिन्न जिल्लाका बाढी, पहिरो र आगलागी पीडितहरुका लागि खोज, उद्दार र प्रारम्भिक राहत वितरण एवं नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम राहत रकम उपलब्ध गराउनका लागि केन्द्रीय दैवी प्रकोप उद्दार कोषबाट आपूर्ति मन्त्रालय, नेपाली सेना लगायत विभिन्न जिल्लाको जिल्ला दैवी प्रकोप उद्दार कोषमा रु.१,१३,४४,३१,८८५।- (अक्षरेपी एक अर्व तेह्र करोड चौवालिस लाख एकतिस हजार आठ सय पचासी रुपैयाँ) रकम निकाशा गरिएको ।

१९.नेपाल सरकारबाट स्वीकृत प्रकोप पीडित उद्दार तथा राहत सम्बन्धी मापदण्ड, २०६४ (छैठौं संसोधन) कार्यान्वयनमा लगिएको ।

२०.विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४/०७/०५ गतेका दिन प्रमाणिकरण भएको ।

२१.Sendai Framework On DRR अन्तर्गत राष्ट्रिय नीति तथा रणनीति कार्ययोजनाको मस्यौदा तयार गरी पृष्ठपोषणको लागि drr portal मा राखिएको साथै सरोकारवाला मन्त्रालय, विभागहरुमा अन्तिम राय तथा सुझावको लागि मस्यौदा सहित पत्राचार गरिएको ।

२२.२०७४ साल श्रावण महिनाको अन्तिम हसामा मुलुकको पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिराहा, सर्लाही, धनुषा, महोत्तरी, रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी, स्याग्दी, दाङ, बाँके, बर्दिया, सुर्खेत, कैलाली लगायतका विभिन्न जिल्लाहरुमा भिषण वर्षा भई बाढी, डुबान र पहिरोबाट पीडित व्यक्तिहरुलाई खाद्यान्न वापत प्रति व्यक्ति प्रति दिन रु.७०।- का दरले ३० दिनका लागि एकमुष्ट राहत रकम केन्द्रीय दैवी प्रकोप उद्दार कोष जिल्ला दैवी प्रकोप उद्दार कोषमा उपलब्ध गराउने नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम केन्द्रीय दैवी प्रकोप उद्दार कोष मार्फत जिल्ला दैवी प्रकोप उद्दार कोषबाट राहत रकम उपलब्ध गराईएको ।

२३.२०७४ साल श्रावण महिनाको अन्तिम हसामा भिषण वर्षा भई बाढी, डुवान र पहिरोमा परी मृत्यु भएका मृतक परिवारको आफन्तलाई प्रति मृतक रु. २,००,०००।- (दुई लाख) का दरले रकम उपलब्ध गराउने नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबमोजिम सम्बन्धित जिल्ला दैवी प्रकोप उद्दार कोषमार्फत रकम उपलब्ध गराइएको ।

२४.शितलहर तथा चिसोको कारणबाट हुने प्रभाव न्यूनीकरण गर्नका लागि तराईका २२ जिल्लामा रु. १० लाखका दरले रु. २ करोड २० लाख रकम सम्बन्धित जिल्ला प्रशासन कार्यालयको जिल्ला दैवी प्रकोप उद्दार कोषमा निकाशा गरिएको ।

२५.भुकम्प सुरक्षा दिवस २०७४ माघ २ गते विभिन्न कार्यक्रमका साथ सम्पन्न गर्नको लागि तयार गरिएको ।

२६.Nepal Disaster Report, 2017 को मस्यौदाउपर पृष्ठपोषण लिने कार्य भैरहेको ।

२७.विपद व्यवस्थापन सँग सम्बन्धित सरोकारवाला निकायहरुसँग छलफल एवं कार्यक्रमहरु सञ्चालन गरिएको ।

२८.२०७४ साल श्रावण महिनाको अन्तिम हसाको बाढी तथा डुबानबाट तराईका १८ जिल्ला (झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, सर्लाही, धनुषा, महोत्तरी, रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी, दाङ, बाँके, बर्दिया, र

कैलाली) बढी प्रभावित भएका थिए । ती जिल्लाहरुमा ४१ हजार ६ सय २६ घर पूर्ण क्षति भएका थिए । २०७४/०७/२७ गतेको मन्त्रिपरिषद्‌को निर्णयले घर पूर्ण क्षति भएका पीडित प्रति परिवारलाई न्यानो कपडाका लागि रु. १०,०००।- र घर मर्मतका लागि रु. १५,०००।- गरी जम्मा रु. २५,०००।- वितरण गर्न राष्ट्रिय पुनः निर्माण प्राधिकरण मार्फत प्राप्त हुन आएको रु. १ अर्ब ४ करोड ६ लाख ५० हजार सम्बन्धित जिल्लाका जिल्ला प्रशासन कार्यालय मार्फत वितरण गर्न मिति २०७४/०९/२५ मा अख्तियारी पठाइएको ।

२९. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नजिकै रहेको मानवीय सहायता केन्द्र/स्थल (HSA) बाट मिति २०७४/०९/२५ मा शीतलहर प्रभावितकालागि वितरण गर्न सामग्रीहरु पठाइएको ।

३०. राष्ट्रिय लेखाजोखा तथा समन्वय टोली (ACT) प्रशिक्षण कार्यक्रम यस मन्त्रालय तथा नेपाल रेडक्रस सोसाइटीको संयुक्त आयोजनामा मिति २०७४/०९/२४ गतेदेखि २८ गतेसम्म धुलिखेलमा सम्पन्न भएको ।

### ख) लागू औषध नियन्त्रण

१. लागू औषध नियन्त्रण कार्यक्रम अन्तर्गत यस आ.व.मा गै.स.स. मार्फत सम्पादन गरिने कामको लागि गै.स.स. छनौट कार्य भैरहेको ।

२. विभिन्न जिल्लाहरुमा जिल्ला प्रशासन कार्यालय र प्रहरीको सकृयतामा पाँच सय रोपनी भन्दा बढी क्षेत्रफलमा लगाइएको गाँजा तथा अफिम खेती नष्ट गरेको जानकारी प्राप्त भएको ।

३. लागू औषधसँग सम्बन्धित काम गर्ने गै.स.स. ६ वटालाई सूचीकृत गरिएको ।

४) पुनर्स्थापना केन्द्र आवद्धता संख्या - २ वटा ।

५. विभिन्न ४६ वटा कम्पनी तथा फर्महरुलाई माग अनुसार औषधी, रसायन तथा विष्फोटक पदार्थ आयातको अनुमति दिइएको ।

६. नेपाल र भारत बीच DRUG DEMAND REDUCTION AND PREVENTATION OF ILLICIT TRAFFICKING IN NARCOTIC DRUGS, PSYCHOTROPIC SUBSTANCES AND PRECURSOR CHEMICAL AND RELATED MATTERS सम्बन्धी MOU सम्पन्न भएको ।

## १२.४. नीति योजना तथा मानव अधिकार संरक्षण सम्बन्धी

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको हेलो सरकारबाट प्राप्त गुनासोहरुको सम्बोधन गरिएको ।

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त उजुरीहरुको फर्छ्यौटका लागि सम्वन्धित निकायमा पठाइएको ।

३. नीति तथा कार्यक्रमको कार्ययोजनाको प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाइएको ।

४. चौमासिक प्रगति विवरण, गैरकर राजस्वहरुको विवरण तयार गरी छलफलमा सहभागी भएको ।

५. आ.व. २०७३/०७४ को बार्षिक समिक्षा तथा राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक आयोजना गरिएको ।

६. लैंगिक हिंसा अन्त्य तथा लैंगिक सशक्तिकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (आ.व. ०६९/०७०-०७३/०७४) अन्तरगत आ.व. २०७३/०७४ को गृह मन्त्रालयको वार्षिक प्रगति विवरण तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको ।

७. लैंगिक हिंसा अन्त्य तथा लैंगिक सशक्तिकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (आ.व.२०७४/०७५-०७८/०७९) तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिएको ।

**१२.५. कानुन तथा फैसला कार्यान्वयन सम्बन्धी**

१. **प्रमाणीकरण भई सकेका विधेयकहरु -**

क) प्रदेश सभा सदस्यको निर्वाचन सम्बन्धी विधेयक, २०७४ ।

ख) प्रतिनिधि सभा सदस्य निर्वाचन सम्बन्धी विधेयक, २०७४ ।

ग) विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७४ ।

घ) राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४ ।

ङ) राष्ट्रिय सभा सदस्य निर्वाचन सम्बन्धी अध्यादेश ।

२. **तर्जुमाका क्रममा रहेका विधेयक ।**

क) कारागार सम्बन्धी विधेयक ।

ख) नागरिकता सम्बन्धी विधेयक ।

ग) स्थानीय प्रशासन सम्बन्धी विधेयक ।

घ) सजाय माफी, मुल्तवी, परिवर्तन वा कम गर्ने सम्बन्धी विधेयक ।

च) सार्वजनिक सुरक्षा (तेस्रो संशोधन) ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयक ।

छ) राष्ट्रिय परिचय-पत्र सम्वन्धी विधेयक ।

३. **कानून मन्त्रालयमा मस्यौदा सहमतिकालागि पठाइएको विधेयकहरु -**

क) संघीय प्रहरी सम्वन्धी विधेयक ।

४. **राजपत्रमा सूचना प्रकाशन गरिएको ।**

क) नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र रुकुम (पूर्वी भाग) को सदरमुकाम तोक्ने सम्बन्धी सूचना ।

ख) हातहतियार बुझाउने सम्बन्धी सूचना ।

ग) प्रदेश सभा सदस्यको निर्वाचन प्रयोजनकोलागि अल्पसंख्यक तोक्ने सम्बन्धी सूचना ।

घ) प्रदेश सभा सदस्यको निर्वाचन मिति तोक्ने सम्बन्धी सूचना ।

ङ) प्रतिनिधि सभा सदस्यको निर्वाचन मिति तोक्ने सम्बन्धी सूचना ।

च) राष्ट्रिय सभा सदस्य निर्वाचन प्रयोजनकोलागि अल्पसंख्यक तोक्ने सम्बन्धी सूचना ।

छ) राष्ट्रिय सभा सदस्यको निर्वाचन मिति तोक्ने सम्बन्धी सूचना ।

ज) आवश्यक सेवा संचालन ऐन, २०१४ बमोजिम हडताल गर्न निषेध गरिएका वस्तु तथा सेवा सम्बन्धी सूचना ।

झ) प्रहरी नियमावली २०७१ मा रहेको अनुसूची हेरफेर सम्बन्धी सूचना ।

## १२.६. विविध

१. **निजामति कर्मचारी प्रशासन सम्बन्धीः**

क) कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम कर्मचारी समायोजन प्रयोजनको लागि कर्मचारीहरुको अभिलेख व्यवस्थापनको कार्य भईरहेको ।

ख) यस मन्त्रालय र अन्तर्गत निकायको संगठन संरचनाको लागि O&M SURVRY को कार्य भईरहेको ।

२. **प्रहरी प्रशासन सम्बन्धी कार्यः**

क) नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/०४/१९ को निर्णयानुसार प्रहरी नायब महानिरीक्षकहरु श्री बमबहादुर भण्डारी, श्री जयबहादुर चन्द, श्री देवेन्द्र सुवेदी, श्री पशुपति उपाध्याय, श्री केशरीराज घिमिरे, माधवप्रसाद जोशी, श्री विजयलाल कायस्थ, श्री कमलसिंह वम, श्री मिङमार लामा, श्री रणबहादुर चन्द र विजयकुमार भट्टलाई प्रहरी सेवाको जनपद प्रहरी समूहको प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा नियुक्ति गरिएको ।

ख) मिति २०७४/०४/१९ को निर्णयानुसार प्रहरी बरिष्ठ उपरीक्षक श्री सर्वेन्द्र खनाल लगायत १५ जनालाई प्रहरी सेवाको जनपद प्रहरी समूहको प्रहरी नायब महानिरीक्षक पदमा बढुवा नियुक्ति गरिएको ।

ग) गृह मन्त्रालय (मा. गृहमन्त्रीस्तर) को मिति २०७४/०४/१९ को निर्णयानुसार प्रहरी उपरीक्षक श्री शैलेश थापा क्षेत्री लगायत २५ जनालाई प्रहरी सेवाको जनपद प्रहरी समूहको प्रहरी बरिष्ठ उपरीक्षक पदमा बढुवा नियुक्ति गरिएको ।

घ) गृह मन्त्रालय (मा. गृहमन्त्रीस्तर) को मिति २०७४/०४/१९ को निर्णयानुसार प्राविधिक प्रहरी उपरीक्षक ई. लोकेश चन्द्र सिंह र श्री नरोत्तमलाल प्रधानलाई प्राविधिक प्रहरी वरिष्ठ उपरीक्षक पदमा बढुवा नियुक्ति गरिएको ।

ङ) गृह मन्त्रालय (सचिवस्तर) को मिति २०७४/०४/१९ को निर्णयानुसार प्रहरी नायव उपरीक्षक श्री सिद्धिविक्रम शाह लगायत ३५ जनालाई प्रहरी सेवाको जनपद प्रहरी समूहको प्रहरी उपरीक्षक पदमा बढुवा नियुक्ति गरिएको ।

च) गृह मन्त्रालय (सचिवस्तर) को मिति २०७४/०४/१९ को निर्णयानुसार प्रापिवधिक प्रहरी नायव उपरीक्षक श्री ए.एम. चन्द्रवहादुरलाई प्राविधिक प्रहरी उपरीक्षक पदमा बढुवा नियुक्ति गरिएको ।

छ) गृह मन्त्रालय (सचिवस्तर) को मिति २०७४/०४/१९ को निर्णयानुसार प्रहरी निरीक्षक श्री नवराज मल्ल लगायत ९४ जनालाई प्रहरी सेवाको जनपद प्रहरी समूहको प्रहरी नायव उपरीक्षक पदमा बढुवा नियुक्ति गरिएको ।

ज) गृह मन्त्रालय (सचिवस्तर) को मिति २०७४/०४/१९ को निर्णयानुसार प्राविधिक प्रहरी नायव निरीक्षक श्री विजया अधिकारी र विनोद चापागाईलाई प्राविधिक प्रहरी नायव उपरीक्षक पदमा बढुवा नियुक्ति गरिएको ।

झ) गृह मन्त्रालय (सचिवस्तर) को मिति २०७४/०४/१९ को निर्णयानुसार प्राविधिक प्रहरी नायव निरीक्षक श्री लक्ष्मी थापा लगायत ७ जनालाई प्रहरी सेवाको प्राविधिक प्रहरी समूह, स्वास्थ्य उपसमूह, नर्सिङ्गतर्फको प्राविधिक प्रहरी निरीक्षक पदमा बढुवा नियुक्ति गरिएको ।

ञ) गृह मन्त्रालय (सचिवस्तर) को मिति २०७४/०४/१९ को निर्णयानुसार प्राविधिक प्रहरी नायव निरीक्षक श्री नारायणबहादुर चन्द लगायत ३ जनालाई प्रहरी सेवाको प्राविधिक प्रहरी समूह, स्वाध्य उपसमूह, प्यारामेडिक्सतर्फको प्राविधिक प्रहरी निरीक्षक पदमा बढुवा नियुक्ति गरिएको ।

ट) गृह मन्त्रालय (सचिवस्तर) को मिति २०७४/०५/०२ को निर्णयानुसार सशस्त्र प्रहरी बल नेपालको साधारण समूह साधारण उपसमूहतर्फ ५३ जनालाई सशस्त्र प्रहरी निरीक्षक पदमा नयाँ नियुक्ति दिईएको ।

ठ) गृह मन्त्रालयको मिति २०७४/०४/१९ को निर्णयानुसार सिर्जना भएको प्रहरी नायव महानिरीक्षकको विशेष पदमा गृह मन्त्रालय (मा. गृहमन्त्रीस्तर) को मिति २०७४/०५/२६ को निर्णयानुसार श्री राजेन्द्रमान श्रेष्ठलाई अवकाश पछि स्वतः खारेज हुनेगरी नायव महानिरीक्षक पदमा बढुवा नियुक्ति गरिएको ।

३. **विभुषण तथा बैठक समारोह प्रबन्धः**

क) सम्माननीय राष्ट्रपतिबाट घोषित १८औं सार्क सम्मेलन सफलतापूर्वक सम्पन्न गर्नका लागि विशेष योगदान पुर्याउनु हुने विभिन्न महानुभावहरु (२५,१२२ जना) लाई कदर पत्र वितरण भईरहेको ।

ख) सम्माननीय राष्ट्रपतिबाट वि.सं. २०७१ देखि २०७४ सालसम्मको गणतन्त्र दिवसको अवसरमा घोषित अलंकार र पदक प्राप्त गर्नुहुने विभिन्न महानुभावहरुकलाई अलंकार, पदक, बट्टा र प्रमाणपत्रहरु वितरण भईरहेको ।

ग) सम्माननीय राष्ट्रपतिबाट मिति २०७३ सालको गणतन्त्र दिवसको अवसरमा विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुर्याउनुहुने ५१४ जना महानुभावहरुलाई घोषित विभुषणहरु मध्ये ३५२ जना मानपदवी प्राप्त गर्नुहुने महानुभावहरुलाई शुसोभन समारोहको आयोजना गरी वितरण गर्ने प्रयोजनको लागि घरेलु तथा साना उद्योग कार्यालय पाटन औद्योगिक क्षेत्र ललितपुरलाई उक्त मानपदवीहरु निर्माण गर्नका लागि रु.६,०८,१३,०००।- (अक्षरेपी छ करोड आठ लाख तेह्र हजार रुपैयाँ) मात्र उद्योग मन्त्रालयमा अख्तियारी पठाई निर्माण कार्य प्रारम्भ गरिएको ।

घ) यस वर्षको ईन्द्रजात्रा समारोह, संविधान दिवस समारोह, वडा दशैं फुलपाति पर्वको अवसरमा परम्परा बमोजिमको कार्य सम्पादन गरिएको ।

ङ) गृह प्रशासन सुधार मार्गचित्र २०७४ "जवाफदेही गृह प्रशासन शान्ति र सुशासन" को बुँदा नं.१४ मा उल्लेखित विशेष योगदान गर्ने व्यक्तिहरुलाई राज्यबाट कदरस्वरुप प्रदान गरिने विभुषण (मानपदवी, अलंकार र पदक) वितरण गर्नका लागि औचित्य पुष्टी हुने गरी वस्तुगत मापदण्ड बनाउनका लागि गृह मन्त्रालय, व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा ७ जनाको समिति (२०७४/०५/२३ मा) गठन भई कार्य प्रारम्भ गरिएको ।

४. **शासकीय सुधार तथा इ-गभर्नेन्स सम्बन्धी कार्यहरु:**

क) मन्त्रालयको SMS Based System लाई Upgrade गर्ने कार्य भएको ।

ख) मन्त्रालयको मुख्य मुख्य ठाउँको वैकल्पिक व्यवस्था सहितको २० Mbps को Optical Fiber Internet जडान गरिएको ।

ग) मन्त्रालयमा रहेको LAN (Local Area Network) लाई Restructure and Maintaiance गरी सञ्चालनमा ल्याईएको ।

घ) मन्त्रालयले निर्माण गरी सञ्चालनमा ल्याएको परिपत्र प्रणालीलाई सुधार गर्न आवश्यक व्यवस्था मिलाईएको ।

ङ) निम्न बमोजिमका सफ्टवेयरहरुको टेण्डरको लागि कागजात तयार गर्ने कार्य अन्तिम चरणमा पुर्याईएको:

- Oracle Database

- CIMS Software

च) सात वटै प्रदेशका जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालयहरुको कर्मचारीहरुको लागि सूचना प्रविधि अभिमुखीकरण तालिम सञ्चालनको लागि फाइल स्वीकृत गराईएको ।

छ) मन्त्रालयको परिपत्र प्रणालीलाई अद्यावधिक गर्ने कार्य अन्तिम चरणमा रहेको ।

ज) मन्त्रालयको नेपाल टेलिकमसँग VPN (Virtual Private Network) को लागि पहिले गरिएको (मिति २०७० आषाढ १० गते) सम्झौताको संशोधन गरी मिति २०७४ पौष ३० मा सम्झौता अद्यावधिक गरिएको ।

## ५. आन्तरिक व्यवस्था सम्बन्धी कार्यहरु:

क) आ.व.भरीको लागि खरिद इकाइ, बोलपत्र मूल्यांकन समिति गठन गरिएको ।

ख) आ.व. ०७३/७४ को जिन्सी निरीक्षणको लागि समिति गठन भई कार्य सम्पन्न भएको ।

ग) माननीय मन्त्रीज्यूबाट प्रस्तुत भएको ८४ बुँदे गृह प्रशासन सुधार कार्ययोजनाको बुँदा नं. ५७ मा उल्लेख भएको विषयमा आन्तरिक व्यवस्था (क) शाखाका उप सचिवको संयोजकत्वमा एक समिति गठन भई कार्य भै रहेको ।

घ) सम्माननीय प्रधानमन्त्रीज्यूबाट मिति २०७४/५/७ देखि २०७४/०५/११ सम्म मित्रराष्ट्र गणतन्त्र भारतको राजकीय भ्रमण सम्बन्धी कार्य सपन्न गरिएको ।

ङ) सम्माननीय प्रधानमन्त्रीज्यूबाट मिति २०७४/०६/०३ देखि २०७४/०६/१२ सम्म संयुक्त राष्ट्रसंघको महासभालाई सम्बोधन गर्ने कार्यक्रमको लागि संयुक्त राज्य अमेरिकाको औपचारिक भ्रमण सम्बन्धी कार्य सम्पन्न गरिएको ।

च) निर्वाचन क्षेत्र निर्धारण आयोग सम्बन्धी कार्य गरिएको ।

छ) वर्ष भरीको लागि आवश्यक पर्ने कार्यालय सामान, टोनर कार्टिज, छपाई गर्न आवश्यक पर्ने सामान र नेपाली नागरिकताको प्रमाण पत्रमा प्रयोग हुने सुरक्षा चिन्ह छपाईको बोलपत्र लगायतका कागजातहरु तयार गर्ने कार्य गरिएको ।

ज) विभिन्न खालका सार्वजनिक बिदाहरु निर्णय गराई घोषणा गरिएको ।

झ) चालू आ.व.को लागि मसलन्द सामान तथा टोनर कार्टिज र छपाई गर्नुपर्ने सामानहरुको बोलपत्र/दरभाउपत्रको सूचना मिति २०७४/०७/१४ गते प्रकाशित गरिएको ।

६. **नागरिकता तथा राष्ट्रिय परिचय-पत्र व्यवस्थापनः**

क) नागरिकता सम्बन्धी उजुरी निवेदन कारवाही गरिएको संख्या - ३३

ख) अभिलेख भिडान गरी पठाइएको संख्या - २९

ग) नागरिकता परित्याग सम्बन्धी जिल्ला प्रशासन कार्यालयहरुलाई पत्राचार गरिएको संख्या - १०६

घ) नागरिकता परित्याग सम्बन्धी कारवाहीको जानकारी कन्सुलर सेवा विभागलाई दिएको संख्या - ६४

ङ) नागरिकता आधिकारिकता सम्बन्धी पत्राचार गरिएको संख्या - ३

च) विभिन्न जिल्लाहरुवाट प्राप्त विवरण अनुसार नागरिकता वितरण भएको संख्याः-

- वंशज - १,५४,६९४
- वैवाहिक अंगिकृत - २,६८१
- प्र.जि.अ.वाट वितरित अंगिकृत - १६

जम्माः- १,५७,३९१

७. **आर्थिक प्रशासन तथा आर्थिक सहायता सम्बन्धी कार्यः**

**क) यस अवधिमा वितरण भएका राहत तथा आर्थिक सहायताको विवरणः**

| क.सं. | विषय | संख्या | रकम |
|---|---|---|---|
| १ | मृतक क्षतिपूर्ति | ३ | रु.३०,००,०००।- |
| २ | आर्थिक सहायता | १,८०८ | रु.२५,६१,९१,०००।- |
| | | १,८११ | रु.२५,९१,९१,०००।- |

**ख) आर्थिक प्रशासन सम्बन्धीः**

**अ) चालू खर्चः**

- वार्षिक बजेट - ३६,९६,१६,४९८।-
- पौष मसान्त सम्मको जम्मा खर्च - १४,३४,६४,६५५।०४
- बाँकी बजेट - २२,६१,५१,८४२।९६

आ) पूँजीगतः

- वार्षिक बजेट - १४,९५,०५,२७९।-
- पौष मसान्त सम्मको जम्मा खर्च - २५,३२,९१०।-
- बाँकी बजेट - १४,६९,७२,३६९।-

प्रमुखको नाम: मोहनकृष्ण सापकोटा
पद: सचिव

सूचना अधिकारीको नाम: अर्जुन भण्डारी
पद: उप सचिव